नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #५१

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

मंगलबार | १८ चैत्र २०७६ (३१ मार्च २०२०)

कोभिड-१९ को महामारी चीनको हुबेई प्रान्तबाट डिसेम्बर २०१९ मा सुरू भएको थियो । चैत्र १६ गते सम्ममा यो रोग ६९७२४४ जनामा फैलीसकेको छ भने यस रोगका कारण ३३२५७ जनाको मृत्यु भैसकेको छ । यो रोग विश्वका २०३ वटा देश/ क्षेत्रहरूमा देखिएको छ ।

| २२ पौष २०७६ | १६ माघ २०७६ | २८ फागुन २०७६ |
|---|---|---|
| नोभल कोरोना भाइरसको पहिचान | Public Health Emergency of International Concern (PHEIC) घोषणा | कोभिड-१९ लाई विश्वव्यापी महामारी (Pandemic) को रूपमा वर्गिकरण |

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| केस | कुल जम्मा | नयाँ |
|---|---|---|
| जम्मा परिक्षण | १०६० | ९७ |
| पोजेटिभ | ५ | ० |
| उपचार पछि सन्चो भएको | १* | ० |
| नेगेटिभ | १०५५ | ९७ |
| *(१८ चैत्र २०७६, १४:०० बजे) सम्म श्रोत: राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला* | | |

***पहिलो केस:** ०९ माघमा परिक्षण गरेको; हाल निको भएको

**बाँकी** संक्रमित व्यक्तिहरू चिकित्सकको नियमित निगरानीमा रहेका र हाल सम्म नीजहरूको स्वास्थ्य अवस्था सामान्य रहेको ।

हाल सम्म पाँच जना व्यक्तिमा कोभिड-१९ संङ्क्रमण देखिएको प्रयोगशाला परिक्षणबाट प्रमाणित भएको छ । पाँच वटै केसहरू आयातित (Imported cases) हुन । आज कुनै पनि नयाँ केस रिपोर्ट भएको छैन ।

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धमा परामर्श प्रदान गर्न विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म हटलाईन सेवा (९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४) संचालनमा छ ।

साथै नेपाल टेलिकम र एन. सेल प्रयोगकर्ताहरूका लागि नि:शुल्क "कोभिड-१९ कल सेन्टर"। यो सेवाका लागि २४ सै घण्टा "११३३" र बिहान ६ बजे देखि साँझ १० बजे सम्म **"१११५"** मा डायल गर्नुहोस् ।

**फोनबाट सेवा प्राप्त गर्नेहरूको संख्या:**

१११५ र ११३३ मा जम्मा कल १८०६ आएको (१६:०० बजे सम्म)

| Designated अस्पतालहरूमा संकास्पद बिरामीहरुको अवस्था | | | |
|---|---|---|---|
| **अस्पताल** | **आइसोलेशनमा उपचारत बिरामीहरूको संख्या** | **उपचार पछि घर फर्केका** | **आइ.सि.यु** |
| शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल | ४ | ० | ० |
| पाटन अस्पताल | ० | ३ | ० |
| शसस्त्र प्रहरी बल अस्पताल (COVID-19 Unified Command Hospital) | २ | ० | ० |
| कान्ति बाल अस्पताल | १ | ० | ० |
| **जम्मा** | ७ | ३ | ० |

*अध्यावधिक मितिः २०७६ चैत्र १८ गते; १३:०० बजे सम्म*

**दैनिक रूपमा अस्पतालबाट EWARS reporting**

EWARS रेपोर्टिङ अस्पताल - ११८ sentinal sites

| मिति | ILI/ SARI Cases | कोभिड-१९ संकास्पद केस |
|---|---|---|
| २७ मार्च | ३५ | ११ |
| २८ मार्च | ४६ | १० |
| २९ मार्च | ५० | १४ |
| ३० मार्च | ३८ | १६ |

*अध्यावधिक मितिः २०७६ चैत्र १८ गते; १६:०० बजे सम्म*

**कोभिड-१९ Confirm केसहरूको Contact tracing र फलोअप (८०%)**

| कोभिड-१९ | अवस्था | जम्मा | बाँकी |
|---|---|---|---|
| केस १ | हाल निको भएको | | |
| केस २ | आइसोलेशनमा सामान्य अवस्थामा रहेको; | १२ | २ |
| केस ३ | | १४ | |
| केस ४ | | ३४ | ३ |
| केस ५ | | १० | १० |

- नेपालगंजमा हवाईजहाज पठाएर २२ वटा नमुना संकलन गरी परिक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ल्याइएको छ ।
- कोभिड-१९ Confirm अन्य केसहरूको कन्ट्याक्ट ट्रेसिंग र फलोअप जारी रहेको छ ।
- कोभिड-१९ प्रतिकार्य प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मक रूपमा गर्नको लागि मा. उप-प्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यू संयोजकत्वमा गठित नोभेल कोरोना भाइरस रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति द्वारा COVID-19 Crisis Management Center स्थापना गर्ने निर्णय गरिएको ।

उक्त केन्द्रले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक कार्यहरू गर्नुको साथै औषधि-उपकरण तथा स्वास्थ्य सामग्री लगायत आवश्यक बस्तु वा सेवाको आपूर्ति र शान्ति सुरक्षाको अनुगमन समेत गर्ने छ ।

- स्वास्थ्यकर्मी तथा सर्वसाधारणहरूलाई अधिकारिक सूचना वाहेक भ्रम फैलाउने कार्य नगर्न/गराउन अपिल गरिएको छ।
- उपत्यकामा २७८ र अन्य जिल्लाहरूमा ७५१ गरी कुल १०२९ आई.सि.यु सैया तथा उपत्यकामा २५० र अन्य जिल्लामा ३०२ गरी कुल ५५२ भेन्टिलेटर रहेको छ ।
- चीनले तोकेका सँस्थाका प्राबिधिकहरू संग टेली कन्फेरेन्स मार्फत समन्वय गर्न पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई तोकिएको छ ।

**आपुर्ति ब्यवस्थापनः**

- ब्यक्तिगत सुरक्षाका सामाग्रीहरू (PPE): प्रत्येक प्रदेशका लागि एक हजार पि.पि.ई सेट र अन्य स्वास्थ्य सामाग्रीहरु जस्तै मास्क, ग्लोभ्स, स्यानिटाईजर, चस्मा, भाईजरहरू बितरण गरि सकिएको छ ।प्रदेशहरूले सम्बन्धीत स्वास्थ्य संस्थाहरूको आवश्यकता बमोजिम यी सामाग्रीहरूको बितरण कार्य शुरू गरिसकेका छन् ।

**प्रयोगशाला सेवा विस्तारः**

- हालसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा मात्र भई रहेको कोभिड-१९ को प्रयोगशाला परिक्षण चैत्र १६ गते देखि प्रदेश १ को धरान स्थित विश्वेश्वर प्रसाद कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान र चैत्र १८ गते देखि गण्डकी प्रदेशको पोखरामा पनि शुरू भएको छ । त्यसै गरी प्रदेश २ को जनकपुर, बाग्मती प्रदेशको हेटौडा, कर्णाली प्रदेशको सुर्खेत र सुदुर पश्चिम प्रदेशको धनगढीमा प्रयोगशाला परिक्षणको लागि आवश्यक औजार तथा उपकरण सहितको बिज्ञ टोली आज साँझ सम्म पुगिसक्ने छ । बागमती प्रदेशको चितवनमा प्रयोगशाला स्थापना कार्य भोलिबाट शुरू हुँदैछ । प्रदेश ५ को बुटवलमा आगामी २-३ दिनमा प्रयोगशाला परिक्षण शुरू गर्ने तयारी गरिएकोछ भने नेपालगँजमा पनि यथाशिघ्र शुरू गर्ने प्रकृयामा रहेकोछ ।

**बैदिशिक साझेदार संस्थाहरूसँगको समन्वयः**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य क्षेत्रमा कार्यरत बैदिशिक साझेदार संस्थाहरू बीच कोभिड-१९ को रोकथाम, तयारी तथा नियन्त्रण सम्बन्धमा भई रहेका गतिबिधीहरुका बारेमा छलफल गरी भावी रणनिती र सहकार्यका क्षेत्रहरूको पहिचान र कार्यान्वयन ढाँचा प्रस्ताव गरियो ।

## कोभिड-१९ सम्बन्धि दैनिक प्राप्त प्रादेशिक गतिबिधिका विवरण

| प्रदेश | क्वारेनटाईन बेडको संख्या | क्वारेनटाईनमा बसेका बिरामीको संख्या | आइसोलेशन बेड संख्या | आइसोलेशनमा भएका बिरामीको संख्या | PPE को संख्या |
|---|---|---|---|---|---|
| प्रदेश १ | ३०५३ | ४५१ | ३३८ | २७ | १६१९ |
| प्रदेश २ | १९९७ | ३३६ | ३६३ | ० | १२३१ |
| बागमती प्रदेश | २७४० | १६५ | ५५१ | २४ | २६२५ |
| गण्डकी प्रदेश | २८८५ | २५५ | २३९ | ६ | १६६६ |
| प्रदेश ५ | ३४८३ | ८२४ | ४२४ | ८ | १४०८ |
| कर्णाली प्रदेश | २०३० | ६८० | २६१ | ० | १२३७ |
| सुदुरपस्चिम प्रदेश | ३१७० | १४७९ | २०० | १६ | १२९१ |
| जम्मा | १९३५८ | ४१९० | २३७६ | ७७ | ११०७७ |

नोटः यो रिपोर्टमा काठमाडौं उपत्यकाका अस्पतालहरुको रिपोर्ट समाबेश गरिएको छैन । * १६ चैत्र २०७६ को रिपोर्ट अनुसार

**नेपाल सरकारले तोकेको लकडाउन अवधिभर ब्यक्तिगत सुरक्षाका उपायहरू अवलम्बन गरी आ-आफ्नो घरमा नै बस्नहुन सर्वसाधारणमा अनरोध गरिन्छ ।**